नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी नं: २३५

मितिः- २०७६/०५/०९

श्री प्रदेश मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै,
श्री स्थानीय तह सबै,

विषयः- राजिनामा/अनिवार्य अवकाश स्वीकृति सम्वन्धमा।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश स्वीकृत देहाय बमोजिम गर्ने नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०७६/०५/०९ को निर्णयानुसार अनुरोध छ।

देहायः
प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा

१. सहायकस्तर पाँचौ तह सम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्वन्धित कार्यालयको (कम्तिमा आठौं तहको) कार्यालय प्रमुख वा सम्वन्धित मन्त्रालयको सचिवले स्वीकृत गर्ने।
२. अधिकृत छैठौं, सातौं, आठौं, नवौं, दशौं तहका प्रशासन एवं प्राविधिक सेवाका कर्मचारीहरुको सम्वन्धित प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने ।
३. एघारौ तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश नेपाल सरकारले स्वीकृत गर्ने।
४. प्रदेश सरकार मातहतका पदाधिकारीवाट राजिनामा स्वीकृत हुनेमा निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) मा व्यवस्था भए बमोजिम सेवा अवधि थप हुने गरी राजिनामा /अनिवार्य अवकाश स्वीकृत गर्न सकिने।
५. निजामती सेवा ऐन, २०४९ को दफा २०(क) उपदफा १ बमोजिम १ श्रेणी माथिको पदमा बढुवा गर्नु पर्ने अवस्था देखिएमा समायोजन ऐन, २०७५ अनुसार समायोजन हुँदाका बखत एक तह बृद्धि नभएको भए (जस्तैः- खरिदार पाँचौ तहमा समायोजन नभएको भए, नायब सुब्बा छैठौं तहमा समायोजन नभएको भए, शाखा अधिकृत आठौं तहमा समायोजन नभएको भए उप-सचिव दशौं तहमा समायोजन नभएको भए) एक तह बढुवा गरी अवकाश दिने ।

स्थानीय तहमा समायोजन भएको कर्मचारीको हकमा

१. सहायक स्तर पाँचौ तह सम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश कम्तिमा रा.प.तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्ने।
२. छैठौं, सातौं र आठौं तह सम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्वन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको सचिवले स्वीकृत गर्ने।

नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी नं: २२१

३. नवौं र दशौं तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्बन्धित प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने ।

४. एघारौं तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश स्वीकृत नेपाल सरकारले गर्ने ।

५. निजामती सेवा ऐन, २०४९ को दफा २०(क) उपदफा १ बमोजिम १ श्रेणी माथिको पदमा बढुवा गर्नु पर्ने अवस्था देखिएमा समायोजन ऐन, २०७५ अनुसार समायोजन हुँदाका वखत एक तह बृद्धि नभएको भए (जस्तै:- खरिदार पाँचौ तहमा समायोजन नभएको भए, नायब सुब्बा छैठौं तहमा समायोजन नभएको भए, शाखा अधिकृत आठौं तहमा समायोजन नभएको भए उप-सचिव दशौं तहमा समायोजन नभएको भए) एक तह बढुवा गरी अवकाश दिने ।

६. स्थानीय तह वा प्रदेश मातहतका पदाधिकारीवाट राजिनामा स्वीकृत हुनेमा निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) मा व्यवस्था भए बमोजिम सेवा अवधि थप हुने गरी राजिनामा/अनिवार्य अवकाश स्वीकृत गर्न सकिने ।

२०७६/५/१९

(जगत प्रसाद भुसाल)
शाखा अधिकृत

बोधार्थ:
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन ललितपुर ।
श्री सूचना तथा प्रविधि शाखा: Website मा Upload गरिदिनु हुन ।